## कालिमाटी गाउँ कार्यपालिकाको प्रथम बैठक

आज मिति २०८२।४।१६ गते शुक्रबारका दिन ११.०० बजेको समयमा कालिमाटी गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर खत्री के.सी. ज्यूको अध्यक्षतामा तपसिल बमोजिम पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल भै देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दान बहादुर खत्री के.सी. | अध्यक्ष | |
| २ | श्री सनसिल्ता वली डि.सी. | उपाध्यक्ष | |
| ३ | श्री हर्क बहादुर वली | सचिव | |
| ४ | श्री रविलाल बस्नेत | कार्यपालिका सदस्य | |
| ५ | श्री ईन्द्र बहादुर वली | कार्यपालिका सदस्य | |
| ६ | श्री शिव बहादुर खत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री वेल बहादुर चन्द | कार्यपालिका सदस्य | |
| ८ | श्री टोप बहादुर कार्की | कार्यपालिका सदस्य | |
| ९ | श्री टेकराज पुलामी मगर | कार्यपालिका सदस्य | |
| १० | श्री मित्रलाल रिजाल | कार्यपालिका सदस्य | |
| ११ | श्री सुमित्रा राना | कार्यपालिका सदस्य | २०८२/४/१६ |
| १२ | श्री लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री टंकी परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री डिल्ली कामी | कार्यपालिका सदस्य | |
| १५ | श्री तिल कुमारी कामी | कार्यपालिका सदस्य | |
| १६ | श्री विष्णु वली राजी | कार्यपालिका सदस्य | |

**आमन्त्रित**

| | | | |
|---|---|---|---|
| १ | श्री यज्ञ बहादुर खत्री | शाखा अधिकृत | |
| २ | श्री दीप बहादुर वली | एमआईएस अपरेटर | |
| ३ | श्री छविलाल खत्रि | कार्यालय सहयोगी | |

CamScanner

## निर्णयहरु:

**निर्णय नं. १**

कालिमाटी गाउँपालिका गाउँ कार्यपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक कार्यक्रमको समिक्षा गरियो ।कामहरु सन्तोषजनक रहेकी पाइयो ।

**निर्णय नं. २**

सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत बैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति र उनीहरुका परिवार तथा समुदायलाई लक्षित गरी मनोसामाजिक परामर्श सेवाको लागि १ (एक) जना मनोसामाजिक परामर्शकर्ता नियुक्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कृषि सेवा तर्फ पशु सेवा शाखा र कृषि शाखा अन्तर्गत स्वीकृत दरबन्दीमा स्थायी सेवाका कर्मचारी नियुक्ति नहुन्जेलसम्मका लागि मिति २०८०।०६।१० गते गरेको विज्ञापन सम्बन्धी प्रकाशित सूचना बमोजिम तोकिएको समयावधिभित्र रितपूर्वक दर्ता भएका दरखास्त अनुसारका उम्मेदवारहरुको मिति २०८०।०८।२१ गते तोकिएको लिखित परीक्षा विविध कारणवस स्थगित भएकोमा सो परीक्षा संचालनको लागि करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ५ बमोजिम तोकिएको परीक्षा समिति मार्फत मिति २०८२ भाद्र ७ गते भित्र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्राकृतिक विपदजस्तै बाढी पहिरो तथा भूक्ष्यबाट कालिमाटी गाउँपालिका क्षेत्रभित्र हुनसक्ने क्षंति न्यूनीकरणका लागि नागरिकहरुमा सूचना प्रशारण तथा सचेतना गर्दै सम्भावित जोखिम क्षेत्रमा सतर्कता अपनाउन सम्बन्धि वडालाई निर्देशन दिने निर्णय गरियो । साथै कालिमाटी गाउँपालिका वडा नं. ७ स्वामिवास स्थित श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालयको पक्की भवन वर्षाका कारण क्षति भएकोले प्रहरी मुचुल्काका आधारमा वडाको सिफारिस बमोजिम पुनः निर्माणका लागि प्राविधिक इष्टमेट तयार पारी जनश्रमदान अनुसार ढुङ्गा, गिट्टी,बालुवा र काठ उपलब्ध गराउने र बाँकी रहेको सिमेन्ट, सरिया र इट्टा पालिका द्वारा उपलब्ध गराई निर्माण कार्य यथाशीघ्र अगाडि बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित

निर्णय नं. ५

उद्योग वाणिज्य संघ सल्यानको मिति २०८२।०४।०९ गतेको पत्रको व्यहोरा अवगत भई सो सम्बन्धमा आवश्यक प्रक्रियाका अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ६

भूमि समस्या समाधान आयोग भूमि इकाई पालिका स्तरीय सहजीकरण समितिले मिति २०८२।०४।१६ गते गरेका निर्णयहरु प्रमाणीकरण गर्ने निर्णय गरियो ।